# भजनी नगरपालिका
## नीति तथा कार्यक्रम
## आर्थिक वर्ष २०७५/७६

नगरसभा अधिवेशनका अध्यक्षज्यू, प्रमूख अतिथी भूमी व्यबस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री बिनिता चौधरीज्यू, प्रमूख प्रशासकीय अधिकृत ज्यू, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, उपस्थित नगर कार्यपालिकाका राष्ट्रसेवक सम्पूर्ण कर्मचारी ज्यूहरु।

नगरसभा अधिवेशनमा उपस्थित हुनु भएका सम्पूर्ण नगरसभा सदस्यज्यूहरु, सहजीकरणका लागी उपस्थित राष्ट्रसेवक कर्मचारीहरु ज्यू, लाई मेरो व्यक्तिगत तथा भजनी नगरपालिका परिवारको तर्फबाट कृतज्ञता सहित स्वागत गर्दछु ।

ईतिहासमा राष्ट्रलाई सुन्दर भविश्य तर्फ डोर्‍याउन विभिन्न प्रकारका आन्दोलनहरु संचालन भएका थिए। चाहे त्यो प्रजातान्त्रिक, गणतान्त्रिक आन्दोलन होस या अन्य प्रकारका सामाजिक आन्दोलनहरु किन नहुन । यस घडीमा राष्ट्रलाई संघिय गणतन्त्र नेपालमा रुपान्तरण गर्न महत्वपूर्ण योगदान पुर्‍याउन आफ्नो प्राणको आहुति गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरु प्रति श्रद्धासुमन अर्पण गर्दै शहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु ।

नगरसभा अधिवेशनमा नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा पेश गर्न पाउँदा मलाई अपार हर्ष महशुस भईरहेको छ । भजनी नगरपालिकाको विकासमा सधैं हातेमालो गर्नुहुने आदरणीय नगरवासीहरु प्रति नतमस्तक हुँदै हाम्रा विकासका प्रयासहरुमा सम्पूर्ण नगरवासीहरुको सहयोग र समर्थन हुनेछ भन्ने आशा लिएको छु ।

संक्रमणकालका कारण संघिय, प्रदेश र स्थानीय सरकारबाट तयार गर्नुपर्ने विभिन्न ऐन नियम र निर्देशिकाहरु तयार भइ नसकेको, कर्मचारी समायोजन तथा व्यवस्थापनमा कठिनाइ हुनु हाम्रा यर्थाथता हुन। यि विचमा नगरपालिकाको आफ्नै सुविधा सम्पन्न भवन, वडा कार्यालयका भवन तथा अन्य भौतिक पूर्वाधारहरुको विकास गर्नुपर्ने चुनौती हामी संग छ ।

हामी सबैको सामुहिक प्रयासले यि सबै चुनौतीहरुको समाधान गरी शुशासित ,सुन्दर र सम्बृद्ध नगरको रुपमा भजनी नगरपालिकालाई रुपान्तरण गर्न सकिन्छ भन्ने विश्वास लिएको छु ।

देहायका आधारमा केन्द्रित रही म अब भजनी नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय नगर सभा अधिवेशनमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपालको संविधान
- संघिय सरकारले अंगिकार गरेका आर्थिक तथा वितिय नीतिहरु,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- स्थानीय सरकार संचालन ऐन,२०७४
- स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्था सम्बन्धी आदेश २०७४को व्यवस्था,
- अन्तर सरकारी वित्तिय हस्तान्तरण ऐन,२०७४
- नगरपालिकाले अंगिकार गरेका विभिन्न ऐन, नीति, नियम, कार्यविधी, निर्देशिकाहरु

- संघिय र प्रदेश सरकारबाट प्राप्त अनुदान
- आन्तरिक आय
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४
- राजस्व परामर्श समितिको निर्णय तथा सिफारिस सहितको प्रतिवेदन,
- श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस तथा निर्णय,
- विगतको नगरसभाबाट भएका निर्णयहरु,
- नगरवासीहरुको विकासको अपेक्षा
- नागरिक समाजका सुझावहरु

# नीति तथा कार्यक्रमहरु

## क. पूर्वाधार विकास नीतिः

### १. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण नीतिः

**१.१** नगरपालिका भवन,वडा कार्यालयका भवन लगायत सार्वजनिक भवनहरुलाई भुकम्प प्रतिरोधात्मक बनाईनेछ।

**१.२** बसपार्क निर्माणको लागी आवश्यक पहल गरीने छ ।

**१.३** सार्वजनिक बाटोघाटो, कुलो, झरनहरु मिचिएको वा हराएको भए कानून अनुसार उक्त बाटोहरु खोलिने छ र बाटो सडक नपुगेका ठाउहरुमा मापदण्ड अनुरुप नया निर्माण गरिनेछ

**१.४** जनताको सक्रियतामा, जनताको खुशियाली भजनी समृद्धि नगर बनाउन जनताको श्रम तथा लागत सहभागिता जुट्ने योजनाहरुलाई प्राथमिकता दिईनेछ ।

१.५ भजनी नगरपालिकाको नगर यातायात गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

**१.६** भजनी नगरपालिकाको कुनै एक गाउलाई नमुना गाउ बनाईनेछ ।

### २. सिचाई :

**२.१** कृषकहरुलाई आधुनिक उपकरण उपलब्ध गराउने कार्यक्रम ल्याइने छ ।

**२.२** वैकल्पिक सिचाईको व्यवस्थाको लागि साना तथा मझौला सिंचाई परियोजनाको क्षेत्र विस्तार गरी मर्मत सम्भार र स्तरोन्नति गरिनेछ ।

**२.३** कृषिलाई बिस्तार गरी बिद्युतिकरण गरिनेछ ।

### ३ सडक तथा पुल :

**३.१** यस नगरपालिकाको कृषि सडकहरुको स्तरोन्नती गरिनेछ ।

**३.२** पुल हाल्नु पर्ने स्थानको सम्भाव्यता अध्ययन गरी आवश्यकता अनुसार पक्कि तथा झुलुङ्गे पुल निर्माण गरिनेछ ।

**३.३** भजनी नगर क्षेत्र समेटिने गरी नगर चक्रपथ निर्माणका लागी सम्भाब्यता अध्ययन गरि निर्माण कार्य सुचारु गरिनेछ ।

३.४. नेपाल भारत सिमामा रहेको भजनी न.पा. ५को मोहना नदी गुलरिया घाटमा पक्कि पुल निर्माणका लागी संघिय तथा प्रदेश सरकार संग पहल गरिनेछ ।

## ४ खानेपानी पूर्वाधार कार्यक्रम :

४.१ नगरबासीले स्वच्छ पानी पिउन पाउनु पर्ने अधिकारको सम्मान गर्दै खानेपानी उपलब्ध गराउन नगरपालिका क्षेत्रभित्र निर्माणधिन अवस्थामा रहेका खानेपानी आयोजनाहरुलाई तदारुकताका साथ संचालनमा ल्याइनेछ ।

४.२ नगर क्षेत्रभित्रका खानेपानी हेण्डपम्पहरुमा आउने पानीको परीक्षण गरी शुद्ध पिउने पानीको व्यवस्था गरिने छ ।

## ५ भौतिक योजना तथा औद्योगिक नीति :

**५.१** नगरपालिका भित्र बिगतदेखि सञ्चालित क्रमागत योजनाहरूलाई आगामी आ.व.मा पनि निरन्तरता दिईनेछ भने मर्मत संभार कोषलाई व्यवस्थित बनाउन आवश्यक कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ ।

**५.२** भजनी नगरपालिकाको आर्थिक विकासका लागि चिनि मिल तथा विभिन्न उधोगको स्थापनाका लागी पहल गरिनेछ । र बन्द भएका उद्योगलाई संचालनमा ल्याउन पहल गरिनेछ ।

५.३. तोकिएको समयमै कार्यक्रम तथा योजना सम्पन्न गर्न अभिप्रेरित गरिने छ र समयमा सम्पन्न नगर्नेका हकमा उक्त कार्यक्रम वा योजनालाई रुपान्तरण गरिनेछ ।

## ६ विद्युत तथा उर्जा सम्बन्धि :

६.१ नगरको मूख्य बजार,सडक र टोल वस्तीहरुमा सौर्य सडक बत्तिको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।

६.२ भजनी नगरपालिकामा विद्युत सवस्टेशनको निर्माण गर्न पहल गरिनेछ।

# ख. आर्थिक विकास नीतिः:

## १. आर्थिक विकास र समृद्धि नीतिः :

१.१ नगर क्षेत्रलाई आर्थिक समृद्धि र अवसरका केन्द्रको रुपमा विकास गर्न वित्तीय, शैक्षिक, वाणिज्य, पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि लगानी मैत्री वातावरण बनाईनेछ

१.२.वैज्ञानिक आविष्कार, अनुसन्धान र प्राज्ञिक कार्यमा संलग्न युवा वैज्ञानिकहरू, अनुसन्धानकर्ता र प्राज्ञहरूका रचनात्मक कार्यहरूमा आवश्यक सहयोग पुर्‍याइनेछ ।

१.३.योजना निर्माण तथा कार्यान्वयनमा विकासको साझेदारका रुपमा रहेका नीजि, सहकारी, गैर सरकारी तथा सामाजिक संघ संस्था, सामुदायिक संस्था, लगायतका निकायहरुको सहभागीता, साझेदारी र सहकार्यको नीति लिई बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

१.४ भजनी नगरपालिकाको नगर पार्श्वचित्र (City profile) तयार गरिनेछ ।

**१.५** नगर तथा वडाका कार्यक्रम संचालन गर्नु अघि नगर /वडाको समन्वय स्वीकृतिमा गैर सरकारी संस्थालाई कार्यक्रम संचालन गर्न दिईनेछ ।

## २. कृषि विकास कार्यक्रम नीतिः

२.१ किसानलाई सुपथ मूल्यमा गुणस्तरिय मल, विउ, विजन, औजार तथा उपकरणहरु उपलब्ध गराउन कृषि कार्यालय मार्फत नगर स्तरिय कृषि उत्पादन संकलन तथा बिक्री वितरण केन्द्रको व्यवस्था गरिनेछ ।

२.२ जैविक (Organic) खेति प्रणालीलाई प्रोत्साहन गरिने छ।

२.३ भजनी नगरपालिका भित्रको खेतियोग्य जमिनको माटो परिक्षणलाई निरन्तरता दिईनेछ ।

२.४ किसानहरुलाई आत्मनिर्भर बनाउन मौसमी, बेमौसमी तरकारी, फलफुल तथा थारु आलु , चैते धान , जडिबुटि खेतिलाई प्रोत्साहन गरिनेछ ।

२.५ कृषि उत्पादन अभिबृद्धि एवं बजार प्रवर्द्धनका लागि कृषि हाटबजार, शितभण्डारण, बिउ बैंक र प्रशोधन केन्द्रको निर्माणका लागी कार्यक्रम सञ्चालन तथा निरन्तरता दिईनेछ ।

२.६ कृषि बालि विमा कार्यक्रम लागु गरिनेछ ।

२.७ बगर खेतिलाई प्रोत्साहन गरिनेछ ।

## ३ पशु विकास नीतिः:

३.१ नगरक्षेत्र भित्र उचित ठांउको पहिचान गरी पशु हाटबजार केन्द्रको स्थापना गरिने छ ।

**३.२** छाडा चौपायाहरुको व्यवस्थापन गरिनेछ ।

**३.३** पशु बिमा कार्यक्रम लागु गरिनेछ ।

३.४ अव्यवस्थित रुपमा भैरहेको मासु विक्री केन्द्रलाई निरुत्साहित गरी व्यवस्थित तथा निश्चित ठाउमा पशु बधस्थल स्थापना गरीनेछ ।

## ४ सहकारी तथा गरिबी निवारण कार्यक्रम :

४.१ सहकारी संस्थाहरूलाई नियमन र व्यवस्थापन गरिनुका साथै बैंक तथा सहकारीहरू संगको सहकार्यमा आर्थिक समृद्धि सार्थक पारिनेछ ।

४.२ दैनीक उपभोग्यवस्तु, मल, बिउबिजन, कृषि, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन, वितरण र विक्री गर्ने सहकारीलाई विशेष छुट तथा अनुदानको व्यवस्था गरिनुका साथै प्रमुख बस्तीहरूमा सुपथ मूल्यका सहकारी पसल सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।

४.३ नागरिकहरूलाई उत्पादन कार्य र आय आर्जनमा सहभागी बनाउन स्थानीय कुटिर उद्योग, लघु उद्यम, साना सेवा वा व्यवसाय सञ्चालन गर्न वित्तीय संस्थालाई प्रोत्साहन गरिनेछ ।

४.४ नगरपालिका भित्रका सहकारी र वित्तिय संस्थालाई उत्पानमुलक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गर्न बिशेष नीति अबलम्बन गरीनेछ ।

४.५ एक वडा एक सहकारीको नीति अवलस्वन गरिनेछ ।

## ५ संस्कृति तथा पर्यटन विकास नीतिः

५.१ नगर क्षेत्रमा रहेका पर्यटकीय स्थलहरुको विकास गरी पर्यटकीय क्षेत्रहरुमा नीजि, सार्वजनीक साझेदारीमा सडक, अतिथि गृह, विश्राम स्थल, पुरातत्व तथा कला संस्कृतिको जगेर्ना, शौचालय, खानेपानी लगायतका पूर्वाधार, पर्यटन मार्ग निर्माण गरी पर्यटन गन्तव्यको रुपमा विकास गरिनेछ ।

५.२ बहुजातिय,बहुभाषिक बहुसांस्कृतिक तथा बहुधार्मिक रुपले ऐतिहासिक महत्व झल्किने गरी सामाजिक सदभाव कायम राख्न बहुसांस्कृतिक कला केन्द्र तथा संग्रहालयको स्थापनाको अध्ययन गरि आवश्यक पहल गरिनेछ ।

५.३ डल्फिन संरक्षणलाई प्रोत्साहन गरी आन्तरिक तथा बाहय पर्यटकहरुलाई भित्रयाउने नीति लिईनेछ ।

५.३ नगर भित्र रहेका ताल तलैयाहरुलाई पर्यटन क्षेत्रको रुपमा विस्तार गर्दै लगिनेछ ।

## ६ उद्योग तथा वाणिज्य नीति :

६.१ स्थानीय स्तरमा साना तथा घरेलु उद्योगलाई प्रोत्साहन गर्न बिशेष सहुलियत दिने नीति अबलम्बन गरीनेछ साथै महिलालाई थप प्रोत्साहान गरीनेछ ।

६.२ सार्वजनीक निजी साझेदारीको सहकार्यमा जोड दिइनेछ ।

६.३ ठूला र अत्याधुनिक भौतिक पूर्वाधार विकास गरी शहरी सेवाको गुणस्तर र क्षेत्र विकास एवं स्थानीय तहका रोजगारी सृजना गर्न सार्वजनिक, निजी साझेदारी अवधारणा अनुरुपको कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

## ७ राजश्व परिचालन नीति :

७.१.नगरपालिकाको आर्थिक समृद्धिलाई बलियो बनाई विकासका पूर्वाधारहरु दिगो रुपले संचालन गर्न जनताले तिर्ने करको दायरालाई फराकिलो बनाई लागु गरिनेछ ।

७.२. भजनी नगरपालिकाको आर्थिक विकास, समुन्नत र समृद्धिका लागि भौतिक पूर्वाधारको विकास गर्न विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सरकारी तथा निजी दातृ संस्था वा निकायबाट आवश्यक अनुदान लिन सकिनेछ ।

७.३ राजस्व क्षेत्रको सुधारका लागि नीति तथा संस्थागत क्षमतामा सुधार ल्याईनेछ ।

७.४ नगरपालिकाको महत्वपूर्ण आन्तरिक श्रोतको रुपमा रहेको ताल तलैया, घाटठेक्कालाई प्रभावकारि रुपमा लागु गरिनेछ ।

७.६ छोटी भन्सार कार्यालयहरुको व्यवस्थीत तथा पुर्नस्थापना गर्न संघिय र प्रदेश सरकार संग अनुरोध गरिनेछ ।

## ग. सामाजिक विकास नीतिः

## १ शिक्षा विकास नीति :

१.१ नगर शिक्षा समिति मार्फत बैज्ञानिक शिक्षा नीति निर्माण गरिनेछ ।

१.२ नगरको आवश्यकता अनुसार थप सामुदायिक विद्यालय खोल्ने, मर्ज गर्ने, तह मिलान, दरबन्दी मिलान, कक्षा वृद्धि गरी समुदायको हितमा प्रयोग गर्नुका साथै संस्थागत विद्यालयको अनुगमन मुल्याङ्गन गरी स्कुल दर्ता, नवीकरण गरिने छन ।

१.३ नगरका सवै वालवालिकालाई आधारभूत तथा माध्यामिक तहसम्म अंग्रेजी माध्यममा निःशुल्क शिक्षा उपलव्ध गराई शिक्षित र सवल नगर वनाउने नीति अबलम्वन गरिने छ ।

१.४ सामुदायिक विद्यालयहरुले अतिरिक्त क्रियाकलाप अनिवार्य गराउन नगर शिक्षा निती लागु गरिने छ ।

१.५ प्रत्येक वर्ष सामुदायिक विद्यालयबाट एस.ई.ई तथा प्लस टु परीक्षामा उत्कृष्ट अंक ल्याउने अति बिपन्न , अल्पसंख्यक, लोपोन्मूख, आदिवासी जनजाति, दलित, मुस्लीम, मधेशी, फरक क्षमता भएका, असहाय तथा शहिद परिवारका विद्यार्थीहरुको छनौट गरी प्राविधिक शिक्षा प्रति आकर्षित बनाउन विशेष छात्रवृत्ति पुरस्कारको व्यवस्था गरिनेछ ।

१.६ मन्टेश्वरी शिक्षालाई प्रोत्साहन गरिनेछ साथै फरक क्षमता भएका बालबालिकाहरुका लागी विद्यालयहरुको स्थापना गरिनेछ ।

१.७ नगर क्षेत्रमा रहेका क्याम्पसको दिगो व्यवस्थापनका लागी पहल गरिनेछ ।

१.८ निश्चित बआधारमा आधारभुत बिद्यालयमा बिद्यार्थी संख्याहेरी अनुदान दिइनेछ ।

१.९ कुनै एक बिद्यालयमा आधाभुत तहमा थारु मातृभाषामा पठनपाठन गर्ने ब्यवस्था मिलाईनेछ ।

१.१० नमुना बिद्यालयका रुपमा सामुदायिक बिद्यालयहरुलाई बिकास गर्दै लगिनेछ ।

## २ खेलकुद विकास नीति :

२.१ भजनी नगरपालिकाको ९ वटै वडाहरुमा व्यवस्थित खेल मैदानको साथै वडा नं. १ मा निर्माणधिन अवस्तामा रहेको खुल्ला मञ्च तथा कवर्ड हल लाई निरन्तरता दिईनेछ ।

२.२ खेलकुद क्रियाकलापलाई संचालन गर्न नगर स्तरिय खेलकुद विकास समिति गठन गरी कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याइने छ ।

२.३ नगर स्तरिय खेलकुद विकास समितिको मातहतमा वडा स्तरिय खेलकुद विकास समिति गठन गरी कार्य संचालन गरिने छ ।

## ३. स्वास्थ्य विकास नीति :

३.१ भजनीमा रहेको सम्पूर्ण स्वास्थ्य चौकीहरुको स्तरोन्नती गर्ने र प्रा.स्वा.केन्द्रलाई आधुनिक सुविधा सम्पन्न २५ शैयाको सामुदायिक अस्पताल निर्माण गर्ने, वडा वडामा नगर स्वास्थ्य केन्द्र, बस्तीबस्तीमा सुविधा सम्पन्न खोप केन्द्र स्थापनाको नीति  अवलम्बन गरिनेछ ।साथै शहरी स्वास्थ्य केन्द्रको भवनहरु निमार्ण गरिनेछ ।

३.२ भजनी नगरपालिकाका बालबालिकाहरुलाई कुपोषण रहित बनाउन पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।

३.३ अनियन्त्रित रुपमा बिक्री वितरण भैराखेको मदिराको नियन्त्रण गरि निश्चित  समय ठाउँ/पसलमा मात्र बिक्री केन्द्र तोक्ने र बालबालिकाहरुले किन्ने र बेच्ने दुबै कार्यमा पूर्ण प्रतिबन्ध लगाइनेछ ।

३.४ आर्युवेदीक तथा अन्य प्रकारका स्वास्थ्य जाच (घुम्ती शिविर) अभियान हरेक वडामामा आयोजना गरिनेछ ।

३.५लागु पदार्थ तथा बालदुर्व्यसनिमा फसेका बालबालिका तथा अन्य व्यक्तिहरुलाई लागि मनोविमर्श कार्यक्रम मार्फत जनचेतना जगाउनेछ ।

३.६ “योग गरौं, शारीरिक तन्दुरुस्त बनौ” भन्ने नाराका साथमा प्रत्येक वडामा वडा स्तरिय योग शिविर संचालन गरिने छ ।

३.७ थारु समुदायमा व्याप्त रहेको सिकल सेल एनिमिया रोगथामका लागी उपयुक्त योजना ल्याईनेछ ।

३.८ महिला स्वास्थ्य स्वंम सेविकाहरुको सेवाको मूल्यांकन गरी उचित प्रोत्साहन गरिनेछ ।

## ४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति :

४.१ उचित ठाउको पहिचान गरी विश्राम, मनोरञ्जन गर्न जेष्ठ नागरिक मिलन केन्द्रको व्यवस्था गरिनेछ ।

४.२ महिला माथि हुने सबै प्रकारका हिंसा तथा विभेद अन्त्य गर्न, महिला शसक्तिकरण तथा उत्थानका लागि महिला आयआर्जन तथा आत्मनिर्भरता मूखी कार्यक्रमहरु लागु गरिनेछ ।

४.३.नगरका विभिन्न क्षेत्रमा मानव बेचबिखन तथा महिला हिंसाका घटना न्यूनिकरण गर्ने तथा सामाजिक सचेतना अभिवृद्धि गर्नेखालका कार्यक्रम संचालन गरिनेछ ।

४.४ खुल्ला सिमाका कारण दिन प्रतिदिन बढदै गईरहेको मानव तथा चेली बेटी बेचविखन भईरहेकोले उक्त कार्य न्यूनिकरणका लागी नेपाल भारत सिमामा रहेको सिमा क्षेत्रलाई कढाईका साथ व्यवस्थित
गरी उक्त कार्य रोक्नका लागी सिमा क्षेत्रमा परामर्श केन्द्र स्थापनाको पहल  गरिनेछ ।

४.५ नगर क्षेत्रभित्र निर्माण हुने सार्वजनिक भवनको महिला मैत्री, बालमैत्री तथा अपाङ्गमैत्री

बनाइनेछ ।

४.६. दक्ष जनशक्ति उत्पादन, रोजगारी र उद्यमशीलताको विकास, सहरी पूर्वाधार निर्माण र समाजमा व्याप्त विभेद, शोषण र उत्पीडन तथा लैङ्गिक हिंसाको अन्त्य गरी समृद्ध, समुन्नत समाज निर्माणको आधार तयार गरिनेछ ।

४.७ सामाजिक, आर्थिक, सांस्कृतिक र राजनितिक रुपमा पछाडि परेका मुक्तकमैया, राजी, कुमाल, मधेषी, मुस्लीम, सुकुम्बासी, विपन्न घरपरिवार, अनाथ, असहाय, दलित, महिला, एकल महिला, बालबालिका,जेष्ठ नागरिक, शहिद परिवार तथा श्रमिक वर्ग समुदायहरुलाई प्राथमिकतामा राखी योजना तयार पारिनेछ।

### ५ श्रम तथा रोजगार नीतिः

५.१ महिला, पुरुषलाई समान कामको लागी समान ज्याला निती लागु गरिनेछ ।

५.२ आर्थिक, सामाजिक, शैक्षिक हिसावले कमजोर भई वेरोजगारी युवा वर्गहरुका लागि रोजगारमुलक तथा सिपमुलक तालिमहरुको व्यवस्था गर्ने र सरकारी सेवामा उनीहरुको सहभागिता अभिवृद्धिका लागि लोकसेवा परीक्षा तयारी कक्षा एवं सिपमुलक तालिम संचालन गरिनेछ ।

५.३ पेशागत समुदायका युवाहरुको परम्परागत सीप, कला संरक्षण सम्वर्द्धन गर्दै तिनको आधुनिकीकरण र व्यवसायीकरण मार्फत रोजगारीको अवसर सिर्जना गरिनेछ ।

## घ) वातावरण तथा विपद व्यवस्थापन नीति :

### १. जलवायु परिवर्तन, विपद व्यवस्थापन तथा जोखिम न्युनिकरणः

१.१ सुरक्षित ठांउको पहिचान, आवश्यक पूर्व तयारी गरी प्राकृतिक जोखिममा परेका नागरिकलाई सुरक्षीत वनाईनेछ ।

१.२ नगर क्षेत्र भित्रका मुख्य नदिहरुमा जैविक तथा आवश्यकता अनुसार तटबन्धन , बृक्षारोपण मार्फत नदि नियन्त्रणलाई प्रार्थमिकता दिईनेछ ।

### २. वातावरण संरक्षण तथा सरसफाई :

२.१ भजनी नगरपालिकालाई सफा, सुन्दर नगरपालिका बनाउन वडा तथा टोलमा नियमित सरसफाई कार्यक्रम संचालन गरिनेछ ।

२.२ फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको व्यवस्था गरी फोहोर व्यवस्थापन गरिनेछ ।

२.३ बजार क्षेत्र र सार्वजनिक स्थलहरुमा क्रमशः सार्वजनिक शौचालय निर्माण गर्दै लगिने र संचालन एवं व्यवस्थापनको उचित प्रबन्ध मिलाइनेछ ।

२.४ फोहोरमैलालाई Reduce, Recycle and Reuse(3R) गर्ने अभियानलाई प्रोत्साहन गरिने छ ।

## ३. वन, भूसंरक्षण तथा जैविक विविधता नीतिः

३.१ प्राकृतिक स्रोत र सम्पदाको समुचित सदुपयोग गर्दे दिनानुदिन मासिदै गएको वन क्षेत्रको दिगो वन विकास तथा बसन्ता जैविक मार्ग लाई संरक्षण गरी स्वच्छ हावा, स्वस्थ दिमाग र सभ्य समाज निर्माण अभियानमा जोड दिइनेछ ।

३.२ अव्यवस्थित शहरीकरणलाई व्यवस्थापन गर्दै सुन्दर नगर, सभ्य समाज निर्माण गर्न वातावरण संरक्षण तथा सम्बर्द्धनका कार्यक्रममा विशेष जोड दिइनेछ ।

३.३ वन वातावरण संरक्षणका लागि गोबर ग्यास तथा सौर्य उर्जा जस्ता बैकल्पिक उर्जा कार्यक्रम लाई प्रोत्साहन गरिनेछ।

३.४ नगर क्षेत्रभित्र चिल्ड्रन पार्क तथा नगर उद्यानहरु निर्माण गरिनेछ ।

३.५ भजनी नगरक्षेत्र भित्रका कनरा,काडा,मोहना र पथरिया नदीको बालुवा,माटो, दहतर-वहतर आदिको IEE गरी रोयल्टीबाट आउने बजेटको निश्चित प्रतिशत नदी  किनारका समुदायको सुरक्षित आवास र आयआर्जन मूलक कार्यक्रम तथा भजनीको विकास निर्माणमा लगानी गरिने नीति अबलम्बन गरिनेछ ।

## ४.जग्गा धनीपुर्जा तथा भू–उपयोग नीतिः

४.१ नगर क्षेत्रमा रहेका सार्वजानिक जग्गा प्राकृतिक सम्पदाहरूको लगत लिई आवश्यक प्रक्रिया पुरा गरी संरक्षण गर्ने र नगरपालिकाको स्वामित्वमा ल्याउने नीति अवलम्वन गरिनेछ ।

४.२. भजनी नगरक्षेत्र भित्र अव्यवस्थित बसोवास गरीरहेका सुकम्बासि, मुक्तकमैया, राजी  तथा हलिया, दलित भुमिहिन समुदायलाई उचित किसिमको बस्ती व्यवस्थापन गर्न पहल गरीने छ ।

**४.३** अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न नयां सर्वे नापी कार्यको शुरुवातका लागि पहल गरिनेछ ।

## ङ) सार्वजनिक सेवा तथा क्षमता विकास नीति :

## १ संगठन संरचना, दरबन्दी र कार्यविवरण :

१.१ प्रभावकारी ढंगले सेवा प्रवाहकालागी कर्मचारीहरुलाई कर्तव्यनिष्ठ बनाउने नीति लिइनेछ ।

१.२ कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा उत्कृष्ट कर्मचारीलाई पुरष्कृत गरिनेछ ।

१.३ प्रभावकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुलाई आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१.४ आगामी आ.ब.मा **O&M** संगठन तथा व्यवस्थापन सर्बेक्षण गरी कार्यन्वयन गरिनेछ ।

१.५ उत्कृष्ट काम गर्ने वडा, जनप्रतिनिधिहरुलाई सम्मान गर्ने, पुरुस्कृत गर्ने र थप अनुदान दिइनेछ ।

## २ सुशासन सेवा प्रवाह नीतिः

२.१ कार्यलयमा कम्प्यूटरिकृत पद्धतिको अवलम्बन गर्दै लगिनेछ ।

२.२ नगरपालिकाको काम कारबाहीलाई व्यवस्थित तथा पारदर्शि बनाई सूचनामा नागरिकको पहुँच बढाउन विद्युतिय सुचना पाटीको व्यवस्था गरिनेछ ।

२.३ भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीतिलाई अख्तियार गरिनेछ ।

२.४. नागरिकलाई सहज, सरल, सुविधाजनक र पारदर्शी ढङ्गबाट सेवा प्रवाह गर्दै जनमुखी सेवाको प्रत्याभूति गराईने छ ।

२.५ विधिको शासन स्थापित गर्दै जनताको सेवामा पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, आर्थिक सुशासन तथा सामाजिक न्यायको सिद्धान्तलाई अंगिकार गरिनेछ ।

२.६ नगरभित्र सञ्चालनमा रहेका र सञ्चालनमा आउने एफ.एम.रेडियो दर्ता, नवीकरण आदि सम्बन्धी आवश्यक नीति बनाई व्यवस्थित गरिनेछ ।

**२.७** वडा कार्यालयहरुमा टेलिफोन तथा ईन्टरनेट सेवा विस्तार गरिनेछ ।

## च. सक्षम न्याय प्रणाली र कानूनी नीति :

१ छिटो, छरितो, पहुच योग्य र प्रभावकारी न्याय प्रणालीको विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

२ राष्ट्रिय तथा अन्तराष्ट्रिय न्याय प्रणालीको अध्ययन गरी नेपालको संविधानको क्षेत्राधिकार भित्र रही न्यायिक कार्य र विवाद समाधान गरिने नीति लिईनेछ ।

३ न्यायिक समिति मार्फत छिटो छरितो रुपमा न्याय दिनका लागि आवश्यक श्रोत, साधन र संयन्त्रको उच्च प्रबन्ध मिलाईनेछ ।

४ नगरपालिकाको सेवा सञ्चालन संग सम्बन्धित ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, मार्गदर्शन, दिग्दर्शन आदि तयार गरी लागू गरिनेछ ।

५ कानुनहरु तथा निर्णयहरु सर्वसाधारणको जानकारीका लागि स्थानीय सुचना केन्द्रमा राखिनेछ ।

६.शान्ती सुरक्षाका लागी नगर क्षेत्रमा प्रहरी बिटको स्थापना गर्ने नीति लिईनेछ । र नगर प्रहरी भर्नागरी परिचालन गरिनेछ ।

सभा अध्यक्ष ज्यू,

प्रस्तुत नीति तथा कार्यक्रमको कार्यन्वयनमा नगर सभा अध्यक्ष लगायत नगर सभाका सम्पूर्ण सदस्य ज्यू , राष्ट्रसेवक कर्मचारी र आम जनसमुदायहरुको सक्रिय र सामुहिक सहयोगको अपेक्षा गर्दछुं ।

**अन्तमा**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने भूमी व्यबस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री बिनिता चौधरीज्यू, कार्यपालिकाका सम्पूर्ण सदस्य ज्यूहरु, नगर सभा सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी ज्यूहरु ,नगरवासी दाजुभाई तथा दिदीवहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

छाया देवकोटा
नगर उपप्रमुख

दिनाङ्क २०७५ साल अषाढ १० गते आईतवार ।